सम्बत् २०७७ साल कार्तिक ०२ गते आइतबार बसेको मुसिकोट नगर कार्यपालिका बैठकका निर्णयहरु

| क्र. सं. | बिषयगत शाखा / उपशाखा / ईकाइ | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | योजना अनुगमन तथा प्रशासन शाखा | १. गत आर्थिक बर्षमा सम्पन्न भएका योजना र शुरु भै कार्यान्वयन भैरहेका तपशिल अनुसारका योजनाहरुमा तपशिल अनुसार बजेट बाँडफाँड गर्ने । तपशिल |

| क्र. सं. | योजना नाम | बजेट | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | छेरावगर डाँडाछिवागं सडक निर्माण | १४,८१,००० | समपुरक म्याचिंग | कर्णाली प्रदेश सरकारबाट प्राप्त समपुरक बजेटबाट कार्यान्वयन भएका योजनाहरु । |
| २. | कोटचौतारा जुगेनावगर सडक निर्माण | १८,६०,००० | | |
| ३. | छेरा धैरेनिचौर पिपलनेटा सडक निर्माण | ३९,४०,००० | | |
| ४. | पिपलनेटा फुटवल रंगशाला | ३०,००,००० | गत आर्थिक बर्षमा सम्पन्न भै भुक्तानि हुना वाँकी निर्माण कार्यको भूक्तानि | संघीय सरकारको युवा तथा खेलकुद मन्त्रालयको बजेटबाट कार्यान्वयन भएको । |
| ५. | सडक वोर्डको सडक मर्मत सम्भार म्याचिंग | ६,००,००० | समपुरक म्याचिंग | सडक वोर्डबाट सहमति प्राप्त भै मर्मत सुधार भएका सडक योजनाहरु । |

२. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५(३) को उल्लेखित आधारमा दफा (६) अनुसारको प्रयोजनका लागि सहयोग पुऱ्याउना तपशिल अनुसारका संयोजक र सदस्य रहने गरी समिति गठन गर्ने ।

नि. प्रमुख प्रशासकिय अधिकृत

<table>
<tr><td></td><td></td><td>तपशिल<br>प्रेमकुमारी सुनार के.सी. उप प्रमुख — संयोजक<br>विषयगत समितिका संयोजक — सदस्य<br>बिरवल के.सी. १ नं. वडा अध्यक्ष — सदस्य<br>पहल बहादुर पुन इन्जिनियर — सदस्य सचिव</td></tr>
<tr><td>२.</td><td>स्वास्थ्य शाखा</td><td>१. कोभिड १९ को महामारीलाई मध्यनजर गर्दै आउदै गरेका चाडपर्व, मेला, महोत्सव मनाउने बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्ड परिपालना गर्ने गराउने व्यवस्था मिलाउने र आवश्यक सूचना जानकारी प्रसार प्रचार गर्ने जिम्मा स्वास्थ्य शाखालाई दिने ।</td></tr>
<tr><td>३.</td><td>पूर्वाधार विकास शाखा</td><td>१. कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा सन्चालित साझेदारीमा आधारित एक स्थानीय तह एक खेलमैदान निर्माण कार्यक्रमका लागि तपशिल अनुसार खेलमैदान निर्माण गर्न सामाजिक विकास कार्यालयमा माग फाराम पेश गर्ने र सो खेलमैदानका लागि ५० प्रतिशत लगानीको रकम रु १०,००,००० (दश लाख) समपुरक म्याचिगंमा रहेको खर्च शिर्षकबाट ब्यहोर्ने ।<br>तपशिल<br>ट्याखोला खेलमैदान मुसिकोट ६<br>२. यस आर्थिक बर्षमा खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय रुकुम (पश्चिम)लाई प्राप्त भएको बजेट अनुसार विस्तृत परियोजना प्रतिवेदन तयार भएका खानेपानी योजनाहरु मध्ये सोलावागं नमुना बजार खानेपानी योजना (पच्चिस लाख) र ढल निर्माण कार्यक्रमका (दश लाख) शहिद मैदान पातुखोला सडकको ढल निकासको लागि कार्यक्रम कार्यान्वयन गर्न खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय रुकुम (पश्चिम)लाई सिफारिस गर्ने ।</td></tr>
<tr><td>४.</td><td>कृषि / पशु स्वास्थ्य सेवा शाखा</td><td>१. कर्णाली प्रदेश सरकार भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्धारा सन्चालित साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि, पशु सेवा) वाली उत्पादन विशेष कार्यक्रमका लागि तपशिल अनुसार पकेट छनौट गर्ने ।<br>तपशिल
<table>
<tr><td></td><td>कार्यक्रमको नाम</td><td>वडा नं.</td><td>कैफियत</td></tr>
<tr><td>पशु सेवा तर्फ</td><td>भैसी पकेट क्षेत्र</td><td>११ र १२</td><td></td></tr>
<tr><td>कृषि तर्फ</td><td>तरकारी वीउ उत्पादन पकेट क्षेत्र</td><td>४, ६ र ७</td><td></td></tr>
</table>
२. नेपाल कृषि सेवा विकास कार्यक्रम (प्रयास) परियोजनाले पेश गरेको कार्यक्रम स्वीकृति गरी कार्यक्रम कार्यान्वयन गर्ने । दुध तथा दुग्धजन्य पदार्थको बजारीकरणका गर्ने कामका लागि डेरी क्षमता अभिवृद्धि अन्तर्गत कामी वुढा स्मृति जनकृषि सहकारी मुसिकोट ९ र सहयात्रा डेरी उद्योग मुसिकोट १३ लाई छनौट गर्ने । कृषिजन्य उत्पादनको बजारीकरणको लागि संकलन केन्द्रको</td></tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>सुद्धिढिकरण अन्तर्गत ताजा तरकारी संकलन केन्द्र मुसिकोट ९ लाई छनौट गर्ने ।</td></tr>
<tr><td>७.</td><td>कानुन शाखा</td><td>विभिन्न प्रयोजनको लागि बैठकमा पेश भएका तपशिल अनुसारका कार्यविधिहरु तपशिल अनुसार पारित गर्ने ।<br>तपशिल
<table>
<tr><th>क्र. सं.</th><th>कार्यविधिको नाम</th><th>निर्णय तरिका</th><th>कै</th></tr>
<tr><td>१.</td><td>सहकारी संस्थाको दर्ता, संचालन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७</td><td>सर्वसम्मत</td><td></td></tr>
<tr><td>२.</td><td>वीउपूँजी तथा घुम्ती कोष कार्यक्रम संचालन कार्यविधि, २०७७</td><td>सर्वसम्मत</td><td></td></tr>
<tr><td>३.</td><td>नगर प्रमुख रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७</td><td>सर्वसम्मत</td><td></td></tr>
<tr><td>४.</td><td>युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७</td><td>सर्वसम्मत</td><td></td></tr>
<tr><td>५.</td><td>अतिविपन्न, द्धन्दपिडिडत तथा अपागं लक्षित स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७</td><td>सर्वसम्मत</td><td></td></tr>
</table>
</td></tr>
</table>

प्रमुख प्रशासकिय अधिकृत